जब तिमीहरूमध्ये कोही वुजु गर्छ र मोजा लगाउँछ, उसले त्यसैमा नमाज पढोस् र त्यसमाथि मसह (स्पर्श) गरोस् र यदि उसले चाहन्छ भने, अपवित्र अवस्था (जनाबत) बाहेक कुनै पनि अवस्थामा त्यसलाई नफुकालोस्।

अनस (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "जब तिमीहरूमध्ये कोही वुजु गर्छ र मोजा लगाउँछ, उसले त्यसैमा नमाज पढोस्
र त्यसमाथि मसह (स्पर्श) गरोस् र यदि उसले चाहन्छ भने, अपवित्र अवस्था (जनाबत) बाहेक कुनै पनि अवस्थामा त्यसलाई नफुकालोस्।"
[सही] [दार कुतनीले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट रूपमा बताउनु भएको छ, यदि कुनै मुस्लिमले वुजू गरेपछि खुफ लगायो र त्यसपछि उसको वुजू टुट्यो र पुनः वुजू गर्न चाहन्छ भने, उसलाई खुफमा मस्ह (स्पर्श) गर्न अनुमति छ यदि उसले चाह्यो भने । उसले खुफ निकाल्नु आवश्यक छैन र एक निश्चित समय सम्म उसले खुफ लगाएर नमाज पढ्न सक्छ । तर यदि उसलाई स्नानको आवश्यकता पर्यो भने अनिवार्य रुपमा खुफ खोल्नु र खुट्टाहरू धुनु पर्छ ।

https://sunnah.global/hadeeth/ne/show/8392